# Agricultural Development Bank Ltd.
# कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

## मुख्य कार्यलय, जनशक्ति व्यवस्थापन विभाग

### आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा हुने बढुवाको लागि दरखास्त फाराम भर्ने सम्वन्धी सूचना

(सूचना प्रकाशन मिति २०७६/०३/३१)

लोक सेवा आयोगबाट मिति २०७६/०३/२९ मा प्राप्त सहमति अनुसार यस बैंकको आ.व.२०७५/०७६ को वार्षिक वजेट तथा कार्यक्रममा स्वीकृत स्थायी कर्मचारी दरवन्दीमा रिक्त रहेका तपसिलका पद र तहमा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा हुने बढुवाको लागि मिति २०७५ असार मसान्तसम्ममा कर्मचारी सेवा विनियमावली २०६२ बमोजिम सम्भाब्य भएका उम्मेदवारहरुले बढुवा प्रकृयामा सहभागी हुनका लागि दरखास्त फारम भर्नुपर्ने भएकोले विज्ञापन नम्वर र आवेदन गरेको पद उल्लेख गरी परीक्षा दस्तुर सहित तोकिएको ढांचामा तोकिएको म्यादभित्र दरखास्त फाराम बुझाउनहुन जानकारी गराईन्छ । आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन परीक्षा दस्तुर वापत अधिकृतस्तरको लागि रु.१,०००।- र सहायक स्तरको लागि रु.६००।- तोकिएको हुदाँ कृषि बिकास बैंक लि. वित्त तथा लेखा विभागको कर्पोरेट बैंकिङ्ग रामशाहपथमा रहेको खाता नं. ०१००२०११०१००००२० मा आवेदकको नाम र कोड नं. उल्लेख गरी रकम जम्मा गरेको सक्कल भौचर संलग्न राख्नु पर्नेछ । आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षामा सहभागी हुन दरखास्त फाराम भरी बुझाउने म्याद मिति २०७६/०३/३१ गते देखि मिति २०७६/०४/२० गतेसम्म र दोव्वर दस्तुर तिरी मिति २०७६/०४/२७ गतेसम्म तोकिएको छ । मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरुले जनशक्ति व्यवस्थापन विभागमा र अन्य कर्मचारीको हकमा सम्वन्धित प्रदेश सम्पर्क/क्षेत्रीय कार्यालयमा दरखास्त फाराम बुझाउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लोक सेवा आयोगबाट संचालन हुने लिखित परीक्षा, मिति र परीक्षा केन्द्र सम्पर्क मिति २०७६/०५/१३ गते तोकिने छ । आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदोन्नति (बढुवा)मा सहभागी हुन उम्मेदवारको दरखास्त फाराम र पाठ्यक्रम बैंकको जनशक्ति व्यवस्थापन विभागको पोर्टलबाट प्राप्त गर्न सकिने छ ।

**तपसिल**

**विज्ञापन नं., पदपूर्ति हुने पदको नाम, तह, सेवा/समूह र आवश्यक पद संख्या**

| सि. नं. | विज्ञापन नम्वर | पदनाम | स्तर | तह | सेवा | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १/२०७५/७६ | विभागीय प्रमुख | अधिकृत स्तर | १० | प्रशासन | ४ | |
| २ | २/२०७५/७६ | वरिष्ठ शाखा प्रमुख | अधिकृत स्तर | ९ | प्रशासन | १६ | |
| ३ | ३/२०७५/७६ | वरिष्ठ शाखा प्रमुख | अधिकृत स्तर | ९ | प्राविधिक | १ | |
| ४ | ४/२०७५/७६ | वरिष्ठ शाखा अधिकृत | अधिकृत स्तर | ७ | प्रशासन | २० | |
| ५ | ५/२०७५/७६ | कार्यालय सहायक | सहायकस्तर | ५ | प्रशासन | ५४ | |

कृषि विकास बैंक लि.
पदपूर्ति समिति
काठमाण्डौं ।

कृषि विकास बैंक लि. जनशक्ति व्यवस्थापन विभाग मुख्य कार्यालय, काठमाडौं